नियम नं. ८

# गढवा गाउँपालिका

## गढवा दाङ्ग

### गाउँ सभाद्धारा स्वीकृत

# विनियोजन ऐन, २०७४

गढवा गाउँपालिका
गढवा, दाङ
५ नं. प्रदेश नेपाल
सभाबाट स्वीकृत मिति :-१८ भाद्र २०७४

# गढवा गाउँपालिका विनियोजन विधेयक ,२०७४

गढवा गाउंपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः– गढवा गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,**

**नेपालको संविधानको धारा २२९ को उप-धारा २ बमोजिम गढवा गाउँ सभाले यो ऐन बनाएको छ ।**

**१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "गढवा गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।**

**(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।**

**२. आर्थिक वर्ष २०७४/२०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः–**

**(१)आर्थिक वर्ष२०७४/२०७५ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू ३५,०७,९६,००० (अक्षेरूपी रू. पैतीस करोड सात लाख छयानब्बे हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।**

३. विनियोजनः– (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/२०७५ को निमित्त गढवा गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक

शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) कुनै कारणले कुनै काम हुन नसक्ने पर्याप्त कारण र आधार भएमा स्वीकृत बजेटको सीमाभित्र रही बजेट तथा कार्यक्रम प्रचलित कानुनमा अन्यथा लेखिएको अवस्थामा बाहेक कार्यपालिकाले संशोधन र स्वीकृत गर्न अधिकार प्रत्यायोजन गरिएको छ ।

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम रू. हजारमा

| क.सं. | अनुदानसंख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | | १३,९५,२१। | २१,१२,७५। | ०। | ३५,०७,९६। |
| २ | बिषयगत शाखा | | ० | ० | ० | ० |
| ३ | ऋणको सावाँ व्याज भुक्तानी | | ० | ० | ० | ० |
| ४ | लगानी (शेयर/ऋण) | | ० | ० | ० | ० |